"औद्योगिक, पर्यटकीय र हरित नगर, स्वच्छ, सुरक्षित र समृद्ध नगर"

# दमक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दमक-झापा
कोशी प्रदेश, नेपाल

प.सं.:
च.नं.:

☎: ०२३-५९७०००

मितिः२०८३/०६/१५

## कृषकहरुले प्रस्ताव माग निवेदन पेश गर्ने सम्बन्धी सूचना

दमक नगरपालिका, कृषि बिकास शाखाको आ.व.२०८३/०८४ को बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमका कार्यक्रमहरु कार्यान्वयन गर्नको लागि दमक नगर क्षेत्र भित्रका ईच्छुक कृषक समुह, सहकारी संस्था, कृषि उद्यमी/कृषि फर्महरुले र कृषकहरुले यो सुचना प्रकाशन भएको मितिले ३० दिन (२०८३/०७/१६) भित्र कार्यालय समयमा प्रस्ताव माग निवेदन दर्ता गराउनुहुन सूचित गरिन्छ ।म्याद नाघी प्राप्त हुन आएका र कागजात पूरा नभएका निवेदनहरु छनोटको लागि समावेश गरिने छैन ।थप जानकारीका लागी कृषि बिकास शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

तपशिलः

| क्र.सं | कार्यक्रमको नाम | अधिकतम साझेदारी रकम | कार्यक्रम संचालनका/सहभागिताका मापदण्ड तथा सीमाहरु |
|---|---|---|---|
| १. | ५० प्रतिशत अनुदानमा साना औजार उपकरणमा अनुदान सहयोग (स्प्रे टयांकी मकै छोडाउने,मकै रोप्ने अन्य माग तथा आवश्यकता अनुसार) | ५०% अनुदान | - कृषक समूह/फर्म, कृषक उद्यमी ले ५० प्रतिशत लागत साझेदारीमा आफूलाई आवश्यक पर्ने औजार उपकरण माग गर्नु पर्ने छ ।<br>- यस अघि औजार उपकरण प्राप्त गरिसकेका कृषकलाई पुनःदिईने छैन ।<br>- माग गरिएका सामाग्रीहरुको कृषकका लागि उपयोगिता पनि अध्ययन गरिनेछ । |
| २. | मौरी घार गोला आधार चाका र अन्य सामाग्री सहयोग | ५०% अनुदान | -मौरी पालक ईच्छुक कृषकहरु, यस अघि मौरी पालन गरिरहेका कृषक र नयाँ पाल्न ईच्छुक कृषकहरु सहभागी हुन पाईने छ ।<br>-परम्परागत तरिकाबाट २ वा २ भन्दा बढी घार मौरी पाल्दै आएका र हात्ती प्रभावित क्षेत्र दमक वडा नं २ र ३ लाई पहिलो प्राथमिकता दिईनेछ ।<br>-यस अघि अनुदान सहयोग पाएका लाई प्राथमिकता दिईने छैन। |
| ३. | सतही सिंचाई तथा स्यालो ट्युवेल/ बोरिङ्ग जडान | भौगोलिक धरातल र सिंचाई प्रयोग हुने क्षेत्रफलका आधारमा निर्णय हुनेछ । | - यस कार्यक्रम अन्तर्गत ४ ईन्चको मोटर बोरिङ्गले न्यूनतम ३ बिगाहा र २ ईन्चको मोटर बोरिङ्गले १.५ बीगाहा क्षेत्रफल सिचाई गरेको हुनुपर्ने छ ।<br>- प्रस्ताव माग गर्ने एक ब्यक्तिको न्यूनतम तोकिएको क्षेत्रफल नपुगेमा सिंचाई सुविधा नहुने एक वा सो भन्दा बढी सधियारीहरु लाई पनि सेवा उपलब्ध गराउने सम्बन्धी सेवा लिने र दिने दुवै पक्षको हस्ताक्षर सहितको सहमति पत्रसाथ पेश गर्नु पर्नेछ ।<br>- सेवाग्राही कृषकहरु बाट पनि तोकिएको लागत साझेदारी ब्यहोर्नु पर्ने छ। |

कमल भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | | | - सिंचाईको बैकल्पिक श्रोत नभएको र तरकारी खेति गर्ने कृषकलाई पहिलो प्राथिकतामा राखी छनोट गरिने छ ।<br>- त्यस क्षेत्रमा अघि नै बोरिङ्ग तथा सिंचाईको सुविधा भएको खण्डमा त्यस प्रस्तावलाई स्वीकृत गरिने छैन वा पुरानो बोरिङ्ग गाडेको देखाएर यो सुविधा लिन पाईने छैन ।<br>- यस अघि यस्ता प्रकारका सुविधा लिएका ब्यक्ति र सधियारीको रुपमा समेत सामेल भएका ब्यक्तिलाई यो कार्यक्रममा सहभागी गराईने छैन । |
| ४. | फापर/आलस खेति उत्पादन प्रोत्साहन | बाली उत्पादन प्रोत्साहन | - कम्तिमा १० कठ्ठा क्षेत्रफलमा बाली लागाउनु पर्ने छ ।<br>-जग्गा अधिया, ठेक्का, भाडाको वा आफ्नो हो उल्लेख गर्नु पर्ने छ।<br>-उपलब्ध गराउने प्रोत्साहन रकम  बाली लगाउने क्षेत्रफल र निवेदन संख्याहरुको आधारमा अर्को सूचनामा प्रकाशन गरिने छ। |
| ५. | माटो सुधारको लागि जिवाणु/जैविक मल प्रयोग बिस्तार | निशुल्कः (प्रविधि हस्तान्तरण) | -ब्यावसायिक तरकारी खेती गर्ने कृषकलाई पहिलो प्राथमिकता ।<br>-सुरक्षित/ जैविक तरकारी उत्पादन गर्ने साना कृषक ।<br>-गडयौला मल बनाएर प्रयोग प्रदर्शन गर्न सक्ने कृषक । |

<u>निवेदकले पेश गर्नु पर्ने आवश्यक कागजातहरु:</u>

१. कृषक, समूह, सहकारी तथा टोल बिकास संस्था हरुको कार्यक्रम अनुसारको माग निवेदन ।
२. सामूहिक प्रयोगको लागि मागिने औजार उपकरणको लागि समूहको निर्णय ।
३. आ.व २०८२/०८३ को तिरो/कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी ।
४. मौरी पालन कार्यक्रमको लागि परम्परागत घारमा पाल्दै आएको भए सो ब्यहोरा खुल्ने फोटोहरु ।
५. सिंचाईको लागि समूह तथा साझेदारीको हकमा सम्बन्धित समूहको तथा सधियारीहरुको जग्गा धनीपुर्जाको प्रतिलिपि तथा मिलेर पानी लगाउने सहमति सहितको माग निवेदन ।
६. एक जना निवेदकले १ वटा मात्र कार्यक्रममा सहभागी हुन पाईने छ, एकै ब्यक्तिले दुई वा दुई भन्दा बढी कार्यक्रममा निवेदन पेश गरेको पाईएमा सामेल गराईने छैन ।

२०८२/०६/१५

कमल भट्टराई
प्रमुख प्रशासकीय अधिकृत